दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३१६ | बुटवल | २०८१ मंसिर ०८, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Nov.23, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## अपराध र ठगी गर्नेलाई सरकारले छाड्दैन : प्रधानमन्त्री

बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले कानुनविपरीत काम र अपराध गर्नेलाई सरकारले नछाड्ने स्पष्ट परेका छन् । नेकपा (एमाले)का काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला कमिटीले शुक्रबार दरबारमार्गमा आयोजना गरेको जागरणसभामा सम्बोधन गर्दै एमालेका अध्यक्ष ओलीले स्थिरता र सुशासनका लागि सोच, विचार गरेरै एमाले र नेपाली काङ्ग्रेस मिलेर सरकार बनाएकाले सरकार त्यस्ता गलत कार्यलाई नियन्त्रण गर्न सक्षम रहेको बताएका हुन् ।

आफूहरुविरुद्ध अनेक हल्ला चलाइए पनि एमाले भ्रमको पछि नदौडिने जनाउँदै उनले कागले कान लग्यो भन्दैमा कागका पछिपछि आकाशतर्फ हेरेर कागका पछिपछि दौडिन आवश्यक नरहेको बताए । "आफैं सरकारी ठगी गर्ने अनि अरूलाई दोष लगाउने, मुख छाड्ने, गाली गर्ने जस्ता काम भएका छन् । यस्ता कुनै पनि प्रकारको ठगी सह्य हुँदैन । नेपाली जनता आफ्नो संस्कृतिको इतिहास र गौरवलाई कायम गर्दै समृद्ध नेपाल सुखी नेपालीको सङ्कल्पलाई पूरा गर्न अघि बढ्नेछ । नेपाली जनता भ्रममा पर्दैननन्'', प्रधानमन्त्री ओलीले भने-"अलोकतान्त्रिक बाटोबाट अराजकता सिर्जना गरेर समाजलाई भाँड्न खोज्नेहरुले सार्वभौम जनताको भविष्यलाई सङ्कटमा पर्ने प्रयास गरिरहेका छन् । यसमा हामी सचेत रहनुपर्छ । हाम्रा लागि देश र जनता प्रमुख कुरा हो । त्यसमा हामी दृढ तथा एकताबद्ध भएर लाग्नुपर्छ ।''

प्रधानमन्त्री ओलीले आफ्ना सन्तानलाई अकुत सम्पत्ति थुपारेर अर्बौंका मालिक बनेकाहरूले आफ्नोविरुद्ध आरोप लगाउँदै हिँडेका स्पष्ट गर्दै आफूमाथि भ्रष्टाचारको औंला ठड्याउनेलाई बहसमा आउन चुनौती दिए । अहिलेको समीकरण र सरकारलाई कसैले हल्लाउन नसक्ने बताउँदै प्रधानमन्त्री ओलीले अहिलेको सरकार समाज र समुदायबिच अनेक खालका विद्वेष फैलाउने कार्यलाई निरूत्साहित गर्न लाग्ने बताए ।

## स्वास्थ्य सेवा ऐन ल्याउने तयारी

बुटवल । तीनै तहमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीको समस्या सम्बोधन गर्ने गरी स्वास्थ्य सेवा ऐन ल्याउन स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले प्रक्रिया अघि बढाएका छन् । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले संघीयताअनुरुपको स्वास्थ्य सेवा ऐन अघि बढाउन सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ ।

अहिलेसम्म नेपाल स्वास्थ्य सेवा ऐन २०५३ नै अस्तित्वमा रहेकामा यसले संघीयताअनुरुप कर्मचारीको व्यवस्थापन गर्न नसकेको भन्दै मन्त्री पौडेलले ऐन ल्याउनका लागि प्रक्रिया अघि बढाउने उद्देश्यका साथ मन्त्रिपरिषद् बैठकमा प्रस्ताव लगेका थिए । अहिलेसम्म अघि बढ्न नसकेको नयाँ ऐन ल्याउने प्रक्रिया अघि बढेको हो ।

संघीयता आए पनि स्वास्थ्य कर्मचारीको वृत्तिविकासमा समस्या आइरहेकाले ऐन निर्माणको प्रक्रिया अघि बढाइएको मन्त्री पौडेलले बताए । अब सबै पक्षको सुझाव समेटेर ऐन निर्माण अघि बढ्ने उनको भनाइ छ । संघीयताअनुरुपको नयाँ ऐन नआउँदा समायोजन भएका कर्मचारीको वृत्तिविकास तथा बढुवालगायतमा समस्या परेको छ ।

स्वास्थ्य मन्त्रालयले तीनै तहका कर्मचारीबिच अन्तरसम्बन्ध कायम गर्ने तथा स्वास्थ्य सेवामा रहने पदबारे आवश्यक व्यवस्था गर्ने गरी नयाँ ऐनको प्रस्ताव गर्नेछ । अहिले तीन तहको कर्मचारीसम्बन्धमा अन्तरसम्बन्ध कायम गर्न जटिलता देखिएको छ । यस्तै स्वास्थ्य सेवामा रहने पद र वृत्तिविकासमा समेत अन्यौलता रहेकाले ऐनले त्यो विषय सम्बोधन गर्ने विश्वास गरिएको छ ।

अब मन्त्रालयले ऐनको मस्यौदा तयार पारेर संसदमा लैजानुअघि मन्त्रिपरिषद्मा पुनः स्वीकृतिका लागि लैजानेछ । त्यसपछि नयाँ ऐन संसदमा टेबुल हुनेछ । ऐन कार्यान्वयनमा आएमा संघीय स्वास्थ्य सेवामा रहेका २८ हजारका अलावा विभिन्न तहमा समायोजनमा रहेका गरी कुल ५८ हजार बढी स्वास्थ्य कर्मचारी लाभान्वित हुने मन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

### भैरहवामा अन्तर्राष्ट्रिय उडानः

# टिकट अचाक्ली महँगो भएपछि भारतबाट जाँदैछन् यात्रु

**त्रिभुवन विमानस्थल दैनिक १० घण्टा बन्दले ३० प्रतिशत उडान घटेको भन्दै अन्तर्राष्ट्रिय उडानका वायुसेवाले शतप्रतिशतभन्दा बढी भाडा बढाएका छन् । भैरहवा विमानस्थलमा बाध्यतापूर्ण उडान गर्ने वायुसेवाले पनि काठमाडौं केन्द्रित मात्रै टिकेट बेचेका कारण सरकारले प्रति उडान ८ लाख रुपैयाँभन्दा बढी छुट दिँदासमेत भैरहवामा टचडाउन उडान मात्रै भइरहेको छ ।**

**आचार्य प्रदीप**
*बुटवल*




सरकारले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान अवतरण गर्ने अन्तर्राष्ट्रिय उडानका वायुसेवालाई २५ प्रतिशतको ग्राउण्ड ह्याण्डलिङबाहेक सबै छुट दिएको छ ।

काठमाडौं विमानस्थलको तुलनामा यो विमानस्थलबाट उडान अवतरण गर्ने अन्तर्राष्ट्रिय उडानको वायुसेवाले पाएको इन्धनमा छुट, ग्राउन्ड ह्याण्डलिङमा छुट, पार्किङ र एरोनटिक तथा नन एरोनटिकल शुल्कमा पाएको शतप्रतिशतको छुटका कारण काठमाडौं विमानस्थलको तुलनामा भैरहवामा अवतरण गर्दा एउटा न्यारोबडी जहाजलाई ८ लाख रुपैयाँसम्म फाइदा हुन्छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले काठमाडौं विमानस्थलमा आवतरण गर्दा पाउने सबै छुट दिएर भैरहवाबाट हुने उडानमा प्रोत्साहन गर्दासमेत काठमाडौंको तुलनामा भैरहवाको भाडा असुली अधिक भइरहेको छ । भैरहवामा अहिले पनि कतार एयरलाइन्स, फ्लाई दुबई, नेपाल एयरलाइन्सको टचडाउन (भैरहवामा हुँदै काठमाडौं आउने, तर यात्रु राख्ने, ओराल्ने नगर्ने) गरिरहेका छन् ।

फ्लाई दुबईले विस्तारै भैरहवा केन्द्रित उडान तालिका बनाएको र एक सातापछिलाई काठमाडौंको भाडादरसमेत सार्वजनिक गरेको भए पनि कतार एयरलाइन्सले भने भैरहवामा उडानै गर्न नचाहेको देखिन्छ । कतार एयरलाइन्सले भैरहवालाई टचडाउन मात्रै गरेर काठमाडौंमा उडान संख्या बढाउने मात्रै काम गरेको छ । यो वायुसेवाले भैरहवाको लागि टिकट नै बिक्री गरेको छैन । कतार एयरलाइन्सले काठमाडौंसम्म नै पूर्णयात्रु क्षमतामा आउने र काठमाडौंबाट पनि पूर्ण क्षमतामा कतार यात्रु लैजाने गरेको छ । कतार एयरलाइन्सले एक सातापछि अर्थात् २५ नोभेम्बर (१० मंसिर)को लागि कतारको दोहाबाट भैरहवाको उडान खुला गरेको देखाएको भए पनि भाडा भने महँगो राखेको छ । उक्त उडानमा दोहा भैरहवाको भाडा ७५ हजार रुपैयाँको राखिएको छ । जबकी दोहा काठमाडौंका सोही उडानको भाडा भने २६ हजार मात्रै छ । सोही दिन हिमालय एयरलाइन्सको दोहा काठमाडौंको भाडा २४ हजार रुपैयाँ रहेको छ । काठमाडौं आउने भाडाको तुलनामा भैरहवामा अधिक देखाउने र टिकट नै बिक्री नगरी भैरहवामा गएको मात्रै बहाना गर्ने काम कतार एयरलाइन्सले गरिरहेको छ ।

भैरहवा विमानस्थलका महाप्रवन्धक प्रतापवाबु तिवारीका अनुसार कतार एयरलाइन्सले दोहाबाट काठमाडौंकै लागि पूर्णक्षमतामा यात्रु ल्याउने गरेकाले भैरहवा टचडाउन मात्रै गर्ने गरेको बताए । उनकाअनुसार यो वायुसेवालाई भैरहवा हुँदै काठमाडौं आउने अनुमति दिएकोले भैरहवामा ओर्लने यात्रु नहुँदा काठमाडौंको मात्रै यात्रु भएको बताइरहेको छ ।

'कतार एयरलाइन्सले दोहाबाट काठमाडौंका लागि पूर्णक्षमतामा यात्रु ल्याउने गरेको छ र भैरहवामा टचडाउनमात्र भइरहेको छ,' तिवारीले भने-'भैरहवा हुँदै काठमाडौंको अनुमति भएकाले आउनै पर्ने हुन्छ । तर भैरहवा ओर्लने यात्रु नभएको बताइरहेको छ ।'

भैरहवामा कतार एयरलाइन्सको यात्रु सेवा, टिकेटिङ, कर्मचारी व्यवस्थापनसहितमा कुनै तयारी नभएको र यसले भैरहवा उडानलाई महत्व नै नदिएको कारण काठमाडौंमा उडान गर्न बाध्यताको लागि मात्रै भैरहवामा आइरहेको उनको भनाइ छ । जजीरा र एयर एसिया थाईलाई जस्तो भैरहवासम्मको मात्रै उडान अनुमति दिने हो भने मात्रै भैरहवासम्मकै यात्रु उडानमा अन्य एयरलाइन्सले जोड दिने तिवारी बताउँछन् ।

भैरहवामा जानै नचाहेका वायुसेवालाई भैरहवा टेक्नुपर्ने बाध्यता गराएको कारण पनि काठमाडौं केन्द्रित उडान भइरहेको छ । भैरहवामा टिकेट बिक्री नै गर्न नचाहेको कारण पनि दोहाबाट भैरहवा हुँदै काठमाडौं आउने यात्रुलाई २५ हजार लिने यो वायुसेवाले भैरहवा नै झर्ने यात्रुलाई भने ७५ हजार रुपैयाँका टिकट देखाएको हो । टिकट महँगो राखेका एयरलाइन्सले सो गन्तव्यमा यात्रु नै हुँदैनन् र भैरहवा चलेन भन्ने बहाना बनाउन खोजेको हुन सक्छ । कतारले दैनिक २ वटा दोहा-काठमाडौं र एउटा उडान दोहा-भैरहवा-काठमाडौं गर्ने गरेको छ । काठमाडौं विमानस्थलको धावनमार्ग विस्तार सुरु हुनुअगाडि यसले दैनिक ४ वटा उडान काठमाडौंका लागि मात्रै गर्ने गरेको थियो ।

**भाडा महँगो भएपछि खाडी जाने यात्रुको गन्तव्य भारत**

नेपाल नागरिक उड्डयन प्राधिकरणले २३ कात्तिक (८ नोभेम्बर)बाट काठमाडौं विमानस्थलको ट्याक्सी वे मर्मत गर्न भन्दै दैनिक १० घण्टा विमानस्थल बन्द गर्न थालेको छ । सो दिनबाट काठमाडौं आउने जहाज भैरहवासमेत जानुपर्ने विकल्प प्राधिकरणले दिएको छ । काठमाडौं विमानस्थल विस्तारको लागि भन्दै प्राधिकरणले अन्तर्राष्ट्रिय उडानका वायुसेवाको उडान तालिका ३० प्रतिशत कटौती गरेको छ । उडान कटौती भएसँगै यात्रु चाप बढेको भन्दै विदेशी वायुसेवाले अधिक भाडा असुल गर्न थालेका छन् । काठमाडौंबाट दुबई जाँदा ९२ हजार रुपैयाँ भाडा तिर्नुपर्ने अवस्था बनेको र दिल्लीबाट ३७ हजार रुपैयाँमै जान सकिने भएपछि बाध्य भएर मजदुरलाई भारत हुँदै पठाउनुपरेको मेनपावर व्यवसायीहरु बताउँछन् ।

**मन्त्रीको निर्देशनपछि घट्यो नेपाल एयरलायन्सको भाडादर**

नेपाल वायु सेवा निगम (नेपाल एअरलाइन्स) ले अन्तर्राष्ट्रिय भाडादरमा छुट दिने भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट निर्देशन भएअनुसार अन्तर्राष्ट्रिय गन्तव्यको भाडादरमा छुट उपलब्ध गराएको निगमका प्रवक्ता रमेश पौडेलले जानकारी दिए ।

» *बाँकी ३ पेजमा*

## 'प्रदेश आत्मनिर्भर हुँदैछ, सहयोग निरन्तर चाहिन्छ'

**लुम्बिनी संवाददाता**
*देउखुरी*




स्वीट्जरल्यान्ड सरकारले नेपालको पूर्वाधार, स्वास्थ, रोजगारलगायतको क्षेत्रमा सहयोग गर्दै आएको छ । अब विदेशी दातृ निकायको सहयोग प्रादेशिक तहमा केन्द्रित गर्नुपर्नेमा जोड दिइएको छ । यति मात्रै होइन लुम्बिनी प्रदेशमा बढ्दै गएको मानसिक स्वास्थ र मनोसामाजिक क्षेत्रलाई प्राथमिकतामा राखेर कार्यक्रमलाई विस्तार गर्न पहल लिइएको छ ।

लुम्बिनी प्रदेशको समृद्धि र विकासका लागि स्वीट्जरल्यान्डसँग प्रदेश सरकारले साझेदारी गर्नेगरी पहल लिइएको हो । मुख्यमन्त्री चेतनारायण आचार्यसँग स्वीट्जरल्याण्डका राजदूत डानियल मेउल्ली मोन्टेलोने भेटवार्ता गर्दै सहकार्य गर्ने बारेमा प्रतिबद्धता जनाइन । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा शुक्रबार भएको भेटवार्तामा लुम्बिनी प्रदेशको विकास र समृद्धिमा स्विस सरकारले हाल गर्दै आएको सहयोगको बारेमा चर्चा गरिएको थियो ।

मुख्यमन्त्री आचार्यले प्रदेश तह आत्मनिर्भर हुने चरणमा रहेकाले यो अवधिमा दातृ निकायहरुको साथ सहयोग आवश्यक पर्ने भन्दै पूर्वाधारदेखि सामाजिक क्षेत्रको विकासमा सहयोग आवश्यक परेको बताए ।

प्रदेश स्थापना भएर कार्यान्वयनमा आएको भर्खरै ७ वर्ष भएको छ । प्रदेश आत्मनिर्भरताको बाटोमा छ । सबै प्रकारको साथ सहयोग जरुरीछझउनले भने-ञस्वीस सरकारले गर्दै आएको सहयोगलाइ प्रदेश तहमा निरन्तरता दिन अझै जरुरी छ । झोलुंगे पुल निर्माण, पक्की पुल निर्माण होस् । प्राविधिक सहयोगलाई अझैं निरन्तरता दिन आवश्यक छ ।

लुम्बिनी प्रदेशभित्र मानसिक स्वास्थ्य समस्या र बढ्दो आत्महत्या दर, मातृ शिशु मृत्युदर, बाल मृत्युदर, कुपोषणको समस्या उच्च रहेकाले ती समस्या समाधान गर्न पनि साझेदारी गर्न प्रदेश सरकार तयार भएको जानकारी गराए । यसका साथै लुम्बिनी प्रदेश सरकारले प्रादेशिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना निर्माण गरेको र अब त्यसलाई प्रभावकारी कार्यान्वयनमा लगिने मुख्यमन्त्री आचार्यले जानकारी गराए ।

हाल स्वीस सरकारको सहयोगमा बर्दिया जिल्लामा मात्रै मानसिक स्वास्थ तथा मनोसामाजिक सेवा कार्यक्रम लागू भएको छ । यो कार्यक्रमलाई प्रदेशका सबै जिल्लामा विस्तार गर्न आग्रह गरे । मुख्यमन्त्री आचार्यले राखेको प्रस्ताव प्रति राजदुतले सकारात्मक प्रतिक्रिया दिएको भेटमा सहभागी मुख्यमन्त्रीका जनसम्पर्क सल्लाहकार रामबहादुर राउतले जानकारी दिए ।

प्रदेश सरकारले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा रणनीतिक योजना निर्माण गरेकोमा राजदुत डानियल मेउल्ली मोन्टेलोने सरकार प्रति बधाई ज्ञापन गरिन । भेटमा राजदुतसँगै वरिष्ठ राजनैतिक सल्लाहकार प्रतिज्ञा सिम्खडा बासकोटा, सीएमसी नेपालका प्राविधिक निर्देशक डा.पशुपति महत, प्रादेशिक संयोजक हिमाल गैरेसहितको टोली सहभागी थियो ।

स्वास्थ्य मन्त्रालयले नेतृत्व गर्ने निर्देशक समिति बैठकमा सहभागी भई टोली राजापुर नगरपालिकामा जनप्रतिनिधि, द्वन्द्व प्रभावित व्यक्ति र जिल्ला अस्पतालमा रहेको ओसिएमसि भेट गरेको टोलीका सदस्य हिमाल गैरेले जानकारी दिए ।

**निर्देशक समितिको बैठक**

प्रादेशिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनैतिक कार्ययोजना निर्माण निर्देशक समिति को बैठक स्विस राजदुत डानियल मेउल्ली मोन्टेलोनेको प्रमुख आतिथ्यतामा स्वास्थ्य मन्त्रालय सम्पन्न भएको छ ।

» *बाँकी ३ पेजमा*




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

पाहुर

२०८१ मंसिर ०८, गते शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

मानिसका लागि
मानिसभन्दा ठूलो अरु क्यै हुन्न–
मानिसभन्दा ठूलो कुरो
तिमीले नखोजे पनि हुन्थ्यो,
मानिस मूल्य तिरेर तिमीले
तिमीले के पायौ कुन्नि–
तर मानिसलाई नबेचे पनि हुन्थ्यो।

– वासु शशी

कथा

# धूपीको रुख आउँछ– जान्छ

परशु प्रधान

निरर्थक दिन बितिरहेछ। आज पनि उसले सोचेको कुरा हुन सक्तैन। साँझ शहरभित्र डुबिसकेको छ। ऊ आफ्नै तालमा रिक्सा हाँकेर फर्किरहेछ। हिजोको झैं आज पनि उसको फत्रनु साधारण छ। ऊ सजिलै डेरामा पुग्छ। डेरामा पुगे पछि...। मालती पर्खिरहेकी हुनसक्छे- अलिकति भात पकाएर। धूँवाको पीरो पीरो गन्धले कोठामा बस्नै गाह्रो हुन्छ। कति पीरो गन्ध उसको आँखाभरि रुमलिरहेछ।

"अझ भात पाकेको छैन ?"

"पाक्न लागेको छ। दाउरा बल्दैन मालती भन्छे।"

"तरकारी के छ नि ?"

"तपाईले केही ल्याउनु भएन ?" मालती सोधिहाल्छे।

शहरका ठूला ठूला घरहरूलाई ऊ छाड्दै गइरहेछ। 'ए रिक्सा...'का परिचित स्वरहरूलाई ऊ बिस्तारै छिचोल्दै छ। धूपीका रुखहरू आइरहेछन्। भोलि बिहान सम्मका लागि हरेक धूपीका रुखलाई छाड्दै ऊ आफ्नै गतिमा बढ्दै छ। बगरेकहाँबाट एकै मोहरको भए पनि राँगोको मासु लानुपर्छ। छोएला बनाए पनि मीठो हुन्छ। कचिला भए पनि।

यसरी राममान आज फर्किरहेछ। उसको रिक्सा सधैंको जस्तै रित्तो छ। तर होइन...रिक्सामा ओभरलोड छ। ऊ सकी नसकी हाँकिरहेछ। यसरी हरेक साँझ राममानका लागि गह्रौ हुँदै गइरहेछन्, बोझिलो हुँदै गइरहेछन्। ऊ आफूप्रति दिक्क हुन्छ। मालतीलाई ल्याएर यसो हुन गएको हो त ? यो हुन सक्तैन। मालती छे र ऊ निर्धक्क रिक्सा चलाउन पाइरहेछ। मालती छे र मध्य रातमा डेरा फर्कदा पनि ऊ एक मुठी तातो भात खान पाइरहेछ। होइन भने राममानलाई उहिल्यै टी.बी. भइसक्थ्यो। उहिल्यै रगतको आहालमा डुबेर उसको पनि पूनाचाको जस्तै सजिलै मृत्यु भइसक्थ्यो। मालती छे र ऊ बाँचिरहेछ। मालती छे र उसका लागि राममान बाँचरिहेछ।

शहर अस्पष्ट भएर गाउँ आइरहेछ। सडक छोटिएर गोरेटो भइरहेछ। राममानको रिक्सामा अब केही कमी छैन। ऊ चुपचाप रिक्सा चलाइरहेछ। हिलोमा भासिने डर छ। अनि भासिए पछि पाङ्ग्रा निकाल्न गाह्रो हुन्छ। त्यसपछि चिसो शीतमा बिहानै निस्कनु।

राममान आफ्नो असफलतामा साह्रै दिक्क भइरहेछ। आखिर आज पनि ऊ समयमै पुगेको हो। घण्टाघरले ५ नहान्दै रिक्सा लिएर सधैंको झैं ऊ अफिसकै अगाडि पुग्छ। पाँच बज्न लागेको छ। ऊ गम्छा झिक्छ र रिक्सा सफा गर्छ। रिक्साको पछाडि रहेको फिल्म सिताराको तस्विरलाई राम्ररी मिलाउँछ। चेन खुस्केको छ। त्यो मिलाउँछ। एउटा सानु ऐना झिक्छ र पुलुक्क हेर्छ- उसको अनुहारमा केही विकृति छैन। केही बदमासी छैन। ऊ हिजोको जस्तै साधारण छ। आँखा अलिकति। त्यो पनि केही होइन। राति रक्सी खाएर अबेरसम्म सुतेकाले रातोसम्म भएको हो। घण्टाघरले प्रष्टसँग पाँच बजाउँछ। अब राममान अझ चनाखो हुन्छ र अगाडि हेर्छ। हो त्यो केटी परबाट आइरहिछे। हातमा सानु ब्याग झुण्डाएर ओठमा अलिकति मुस्कान लिएर त्यो राममानको रिक्सानिरै आइपुग्छे। राममानको मुटु जोडसँग ढुकढुकाउँछ। उसको आँखा एकै पटक तिरमिराएर आउँछ। माला सिन्हाको तस्वीर खसेको जस्तो हुन्छ। तैपनि ऊ भद्रतासँग बोल्छ- रिक्सा हजुर...।

लौ, उसको स्वर नै सानु छ। त्यो केटीले सुन्दै सुनिन। पक्कै सुनिन। सधैं उसको यस्तै सानु स्वर हो- जसले ऊ दिनहुँ धोका खाइरहेछ। आफूप्रति राममानलाई रिस उठेर आउँछ। ऊ किन यति कमजोर भएकी। 'रिक्सा हजुर...'। ऊ अरु जोडले बोल्ने कोशिस गर्छ। तर अहं हुँदै हुँदैन। त्यस केटी...केटीसँग केही पनि स्वर छैन। चुपचाप निस्कन्छे चुपचाप जान्छे। राममानलाई आफ्नो रिक्साको ठूलो बेइज्जति भएको अनुभव हुन्छ। साँच्चै नै उसले आँखा खोलेर हेर्दा त्यो केटी अगाडि गइसकेकी छे। साथीहरूसँग बिदा मागे अगाडि बढिसकेकी छे। अफिस शून्य भइसकेको छ। वरपर शून्य भइसकेको छ। ऊ हेर्छ उसको अगाडि त दाह्री जुँगा फुलेको एउटा बूढो पाले मात्र झ्याल ढोकाहरू बन्द गरिरहेछ। पाले दाइ, ए पाले दाइ। ऊ निरुद्देश्य कराउँछ। पाले बूढो आफ्ना पातला आँखाहरू राम्रै खोलेर हेर्छ– किन ए रिक्सा ?

'भोलि अफिस बिदा हो ?' ऊ सोधिटोपल्छ।

'शनिबार बिदा हुन्छ भन्ने कुरा यत्रो रिक्सा चलाई सकेर तिमीलाई थाहा छैन कि कसो ?' उसको स्वर बूढो छ। तर पनि त्यहाँ एक प्रकारको शान र धाक छ। ऊ जिल्ल पर्छ। भोलि बिदाको जवाफ ऊसँग छैन। उसलाई लाग्छ– सात सालको क्रान्तिले बूढा पालेलाई खोसेनछ। यसैले त्यो बूढाका सेता दाह्री उस्तै रवाफसँग हल्लिरहेछ।

हो– त्यहीं बूढाको दाह्री जस्तै राममानको एउटा सानु योजना पनि बूढो हूँदै गइरहेछ। ऊ रिक्सामाथि चुपचाप बस्छ र खुट्टा चलाउँछ। रिक्सा एकनास गइरहेछ। साँझ कसरी रिक्त हुँदै गइरहेछ- थाहा छैन। यसरी राममान असफलताको विजयमा एकांकी छ। ऊ सम्भावना रहित सोच्तछ-त्यस केटीलाई आफ्नो रिक्सामा राख्नु। र आफ्नो मनको सानु कथा भन्नु। धेरै गाह्रो छ।

कहिले त्यो केटी साथीहरूसँग निस्कन्छे। कहिले ५ त के ७ बजेसम्म पनि अफिसबाट निस्कन्दिन। एउटा धमिलो उज्यालो हुन्छ अफिसभित्र। उसका धेरै जरुरी काम परे होलान्- राममान यस्तै सोचेर निरास फर्कन्छ।

एउटा धूपीको रुख आउँछ। जान्छ। यही धूपीको रुख जस्तै बाङ्गाटिङ्गा सडकहरूमा राममान एक्लो छ। राममान आफूलाई अग्लो हुनु सोच्न सक्तैन। त्यो खासखुसको अर्थ के त ? त्यो सल्लाहको अर्थ के त ? अर्थ त के ? राममानलाई डेरा नजिकै आइरहे जस्तो हुन्छ र उसका खुट्टाहरू छिटो चल्छन्। जाडो यसरी कष्टपूर्ण भई बढ्दै छ। हरेक जाडोले राममानलाई बूढो बनाउँदै छ। जो अर्थहीन जस्तो बूढो छ। अर्थहीन खासखुस जस्तै।

रिक्सा राख्नु र कुरा गर्नु उसबाट कहिल्यै हुनसक्तैन। मेजर बूढासँगको प्रतिज्ञा ऊ जस्तै पुरानो छ। मेजर बूढाको खोकीको जवाफ ऊ राममानको सपनाको आकाश एकदमै खाली छ। उसका अनेकौं प्रयासहरू र कोशिसहरू उसको मन जस्तै खाली छन्। ऊ यस खालीलाई भर्न सक्तैन। अहँ भर्न सक्तैन। ऊ मेजर बूढालाई भन्न सक्तैन। स्पष्ट जवाफ दिनसक्छ मेजर साहेब। त्यो केटी मेरो रिक्सामा कहिल्यै आउँदिन। जति कोशिस गरे पनि आउँदिन। तपाईं नै भन्नोस्- म जबर्जस्ती समाएर ल्याउँ ? यसबेला उसलाई मालतीको सम्झना हुन्छ। हो ऊ सक्तैन।

यसरी हरके दिन असफलता लिनु र फर्कनु- राममानको क्रम हो। निश्चित याजना र अन्त्य। अन्त्य यस्तै नीरस हुन्छ। यस्तै अन्त्य राममानलाई प्रिय हुन्छ, यस्तै अन्त्यहरूसँगै राममानका दिनहरू छिप्पिदै गएका छन्। त ठट्टामा ऊ भनिदिन्छ- म बूढो भइसके मालती। तँ अर्कै पोई खोज।

'असती मोरा...' मालती चिउँडो बंग्याएर हाँस्छे। यही हाँसो त राममानलाई मनपर्छ। अब त त्यो केटी उसको रिक्सामा बस्न नआउने अविश्वास नै राममानलाई मनपर्छ। राममान यसरी आफूलाई उमारिरहेछ। यसरी रिक्साको मन्द चलासँगै डेरामा पुगेर उभिरहेछ। एक बिहानै मालती नै ब्यूँझाइदिन्छे- 'राममान। उठ भन्या। घाम झल्कनै लागिसक्यो। जाडो छ। जाडो भएर के गर्नु नि ? रिक्सा नलगी हुन्न। रिक्साको ऋण पनि त राममानले तिरिसकेको होइन।

कुन दिन मजर बूढाले सातो लिने हुन् ? अब थोरै बाँकी छ। त्यही पनि माफी हुने थियो। त्यहीं काली केटीले, त्यही उत्ताउली केटीले राममानको त्यस थोरैलाई पनि बर्वाद पारिदिई। रण्डी। त्यही मेजर बूढोको सातो लिने दिनका लागि ऊ बाँचिरहेछ।

राममानको अन्त्य एउटा यस्तो साँझ छ। 'रिक्सा...। रिक्सा खाली छ।' यो त त्यही केटीको स्वर हो। त्यही अफिसकी केटीको स्वर। जुन स्वर उसले पर्खदै आइरहेछ। जुन आवाजसँग उसको परिचय हुनै पर्ने हो। मेजर बूढाका ठूला ठूला आँखा आएर राममानसँग दयाको भिख माग्छ- आज त कुरा गरिदेउ। जसरी पनि है राममान। त्यो आँखामा वासनाको एउटा ठूलो रहर छ। त्यो रहरले बगाएर राममानलाई टाढा कतै लगिरहेछ। किनाराहिन अविश्वास लिएका दुईवटा आँखाहरूभित्र राममान पग्लिरहेछ। त्यो थोरै बाँकी पनि उसको अगाडि देखापर्छ र हराउँछ।

'किन नबोलेको ए रिक्सा ? खाली छस् भनेको ?' शायद केटीलाई हतार हतार छ।

ऊ झर्केर कराउँदैछे। राममानका ओठहरूमा उठेको सन्त्रास आँखामा गएर टुङ्गिन्छ। मालतीको आँखामा। ऊ जिरिङ्ग हुन्छ। मालतीको आँखामा याचना छ। उसलाई रुन मन लागेर आउँछ। रिक्सा...।

'खाली छ। तर हजुरलाई लान सक्तिन...' यो स्वर राममानकै हो त ? होइन...भीडबाट कसैले बोलिदिएको हो ? ऊ हडबडाएर वरिपरि हेर्छ। त्यो केटी हराइसकेकी छे। खल्वल उस्तै हो। बन्दै छ। ऊ एकपटक राम्ररी सोच्न बाध्य हुन्छ– यो स्वर राममानकै हो। राममानकै हो। राममानकै हो...

(गोरखापत्रमा पौष २१, २०१५मा प्रकाशित)

कविता

## फेरिदिउँ परिभाषाहरू



रामचन्द्र श्रेष्ठ

कहिलेकाँही लाग्छ
फेरिदिउँ शब्दकोश
बदलिदिउँ सम्पूर्ण परिभाषाहरू।
कि बम विस्फोट पछिको सन्नाटा
हो सबैभन्दा उच्चतम शान्ति,
जनताका अबोध सपनाको अवैध व्यापार
हो सबैभन्दा उच्चतम क्रान्ति,
नवसेठहरूको अनुहारमा लगाइएको
जननिर्वाचनको मुकुण्डो हो प्रजातन्त्र,
एक पछि अर्को, अर्को पछि अर्को
भ्रमहरूको अटुट शृंखला हो परिवर्तन,
दलाल, व्यापारी, कमीसनखोरहरूको
बैठक अड्डा हो पार्टी कार्यालय,
सबैभन्दा जटिल जुवा हो राजनीति
सबैभन्दा सस्तो भाषण हो पहिचान
स्वास्नी र आसेपासेलाई भागबण्डा हो आरक्षण
पुरानो अँधेरो गुफातिरको यात्रा हो राष्ट्रवाद
सबैभन्दा लोकप्रिय चकलेट हो समाजवाद
कहिलेकाँही लाग्छ
बदलिदिउँ सबै पाठ्यपुस्तक
केटाकेटीले पढुन्
भोगेको दुनियाँ,
भोगुन
पढेको संसार।

चिन्तन

# चार्वाक दर्शन एक विमर्श

बुद्धिसागर पराजुली

(दर्शनप्रतिको आम चासो घट्दो क्रममा छ। तर, नेपाली समाजमा विविध दर्शनहरू हुर्किएको र फैलिएको छ। यी विविध दर्शनहरूको प्रभाव हाम्रा दैनिक जीवनमा अद्यापी छन्। कतै ती संस्कारको रूपमा छन् भने कतै बौद्धिक चिन्तनमा पनि। पूर्वीय दर्शनका अनेक हाँगाहरूमध्ये चर्चित दर्शन चार्वाक वा लोकायत दर्शन पनि हो। लोकायत दर्शनबारेको समझदारी पनि फरक फरक छन्। यहाँ चार्वाक दर्शनसम्बन्धी बुद्धिसागर पराजुलीको धारणा प्रस्तुत गरिएको छ। चार्वाक दर्शनबारे पराजुलीको धारणाभन्दा फरक समझदारीहरू पनि आगामी दिनमा प्रस्तुत गर्ने प्रयास हुनेछ।)

दर्शनहरू साधारणतया प्रथमतः २ भागमा विभक्त हुन्छन्। नास्तिक दर्शन र आस्तिक दर्शन। वेद र वेदानुसारी सिद्धान्तानुरूप जगत् छैन भन्ने स्थिर सिद्धान्त हुनेहरू नास्कित र उनको दर्शन नास्तिक दर्शन भनिन्छ। वेदोक्त लोकमर्यादा ठीक छ भन्नेहरू आस्तिक र उनको दर्शन आस्तिक दर्शन भनिन्छ। वेदवाह्य सिद्धान्त खडा गर्ने चार्वाक आदि छ दर्शन छन्। वेदप्रमाणक दर्शन वैशेषिक न्याय आदि ८ छन्। वेदवाह्य सिद्धान्त प्रतिपादन गर्ने दर्शन नास्तिक दर्शन र वेदप्रमाणक सिद्धान्त प्रतिपादन गर्ने दर्शन आस्तिक दर्शन मानिन्छन्। नास्तिक दर्शनको नामावली यो हो– १) चार्वाक, २) माध्यमिक, ३) योगाचार, ४) सौत्रान्तिक ५) वैभाषिक, ६) आर्हत (जैन)। यिनीहरू सबैबाट वेदविरुद्ध सिद्धान्त खडा हुन्छ। हुनत यिनीहरूका सिद्धान्तको पनि परस्परमा विरोध छ, तथापि वेदवाहत्व रूपमा सबैको समानता नै छ। आस्तिक दर्शनको नामावली यो हो– १) न्यायदर्शन, २) वैशेषिकदर्शन, ३) सांख्य दर्शन ४) योगदर्शन, ५) धर्ममीमांसादर्शन, ६) कर्ममीमांसादर्शन, ७) दैवीमीमांसादर्शन र ८) ब्रह्ममीमांसा दर्शन।

दर्शन शब्द दर्शनार्थक दृश् धातु (दृशिर्–प्रेक्षणे)बाट व्याकरणशस्त्रोक्त नियमानुसार साधन र साक्षात्क्रियमाण तत्वको आधार आदि विभिन्न छन्। जस्तै दर्शन भो, भेट भो, यहाँ केवल साक्षात्कार अर्थ छ। आँखालाई दर्शन भन्छन्। 'दृश्यते साक्षात् क्रियते येन', यस व्युत्पत्तिबाट आँखा साक्षात्कारको साधन हो। दर्शन शास्त्र तत्वसाक्षतत्कारको साधन हो। 'दृश्यते अस्मिन् वस्तु तत्वं' भनी अधिकरण अर्थमा दर्शन शब्दको सिद्धि गरेका पक्षमा आफआफ्ना मतको वस्तुतत्व आफआफ्ना शास्त्रमा छर्लङ्ग हुने हुँदा त्यस्ता शास्त्रलाई पनि दर्शन मानिन्छ।

**चार्वाक दर्शन परिचय**

चार्वाक दर्शनलाई वेदवाह्य भन्नाको मतलव वेदको निष्कृष्ट सिद्धान्तसँग यसको समन्वय नभएर मात्र हो। चार्वाकका दर्शनको मूल रूप वेदनमा नभएर होइन किनभने शतपथ ब्राह्मणमा आङ्गिरस बार्हस्पत्यका नाउँले नास्तिक (लोकायत–चार्वाक) मतको चर्चा छ। बृहदारण्यकमा पनि भूत चैतन्यवादको चर्चा छ। सोमयोगका प्रकरणमा परलोक छ भन्ने कुरो कसले जानेको छ ? भन्ने शङ्कापूर्ण वाक्य पनि आएको छ। उसैले वेदमा पनि यस लोकायत मतको मूल छ। अतः लोकायत आदि दर्शनको मूल पनि वेदै हो। आस्तिक नास्तिक सबै दर्शन वेदकै देन हुन्। नास्तिक दर्शनहरू मध्ये चार्वाकको मत सर्वप्रथम हो। अतः चार्वाकलाई नास्तिकशिरोमणि पनि भन्छन्। यो मत पहिले वेदमा बृहस्पतिका नाउँबाट प्रकट भएको हो, यसैले यसलाई बृहस्पतिमत भन्ने चलन छ। पुराणमा दैत्यहरूलाई ठग्न बृहस्पतिले शुक्राचार्यको रूप लिएर यो मत प्रचार गरे भन्ने कथा आउँछ। उपनिषद्मा पनि प्रजापतिले आफ्ना कुलपतित्वमा आएका शिष्यहरू मध्ये असुरहरूलाई यही मत पढाई, यसैमा दीक्षित गराई पठाए भन्ने कथा छ। यो मत लोकायत भन्ने नामान्तरबाट पनि बोलिन्छ। यसैले नास्किशिरोमणिले लौकायतिक भन्ने अर्को नाउँ पनि पाउनुभएको छ।

**चार्वाकहरूको मत**

चार्वाकहरू चार तत्तव मान्दछन्। पृथ्वी, जल, तेज, एवं वायु। यिनै चार तत्वका विशिष्ट संयोगबाट चेतना शक्ति उत्पन्न हुन्छ। दाउरा र अग्निको संयोगबाट असमानजातीय धूवाँ, अनेक वस्तुका संयोगबाट मदिरामा विजातीय मदशक्ति उत्पन्न भए झैं असमान जातीय तत्वहरूका संयोगबाट असमान जातीय चेतनाशक्ति निष्पन्न हुन्छ। यसै कारण चेतनाशक्तिसम्पन्न शरीर नै आत्मा हो। शरीरबाहेक अरु कुनै कुरा चेतनावान् हो भन्नलाई केही प्रमाण छैन। प्रत्यक्षसिवाय अरु प्रमाण यस दर्शनमा छैनन्। तसर्थ देखिने, सुनिने, छोइने, स्वाद लिने वस्तुहरूसम्म प्रामाणिक मानिन्छन्। किनभने आँखाले रूप प्रत्यक्ष देख्छ, कानले शब्द प्रत्यक्ष सुन्छ, नाकले गन्ध प्रत्यक्ष सुँघ्दछ, जिभ्रोले रसको प्रत्यक्ष स्वाद लिन्छ, छालाले छोएर चीसो, तातो, साह्रो, कमलो भन्ने कुरा प्रत्यक्षै जान्दछ। परन्तु शरीर, इन्द्रियबाहेक चेतनाशक्तिसम्पन्न अर्को कुनै कुरा छ भन्ने ज्ञान गराउन आँखा, कान, नाक, जिभ्रो, छाला कसैले सक्दैन। अनुमानद्वारा चेतनाशक्तिमान् शरीर इन्द्रियबाहेक अर्को केही छ भन्ने कुरा अनुमान नै अप्रमाण हुँदा असम्भव छ। अनुमान अप्रमाण कसरी हुन्छ भने– अनु=लिङ्गदर्शन भएपछि, लिङ्गीको जो मान=हुन्छ त्यसलाई अनुमान भन्दछन्। लिङ्ग, हेतु, साधन भन्ने एकै कुरा हो। लिङ्गी साध्य भन्ने पनि प्रायः एकै कुरा हो। अर्थात् स्वाभाविक औ नियत सम्बन्ध भएका दुइ वस्तुमध्ये व्याप्य वस्तुलाई देखेर व्यापक वस्तुलाई नदेखीकन पनि मान्नुलाई अनुमान भन्छन्। आगो र धूवाँको संयोग नियत र स्वाभाविक हो, तिनमध्ये व्याप्य धूवाँ कुनै कोठामा देखिनेबित्तिकै आगो नदेखे पनि छ भनेर जान्नु अनुमिति ज्ञान हो। तर यो अनुमिति ज्ञान ठीक छैन, जहाँ धूवाँ हुन्छ त्यहाँ आगो हुन्छ भनेर भान्सामा धूँवा देख्नासाथ निर्णय भइसकेको भए, पछि गोठमा धूवाँ देखी अनुमान गर्नु सिद्धसाधन हुन आउँछ। सामानय तौरबाट ज्ञान उस मौकामा हुँदैन किन्तु विशेष तौरबाट हुन्छ भन्ने हो भने कुन धूवाँ देखेर अग्निको अनुमान हुन्छ, कुन धूवाँ देखेर हुँदैन भन्ने कुराको अनुगम (व्यवस्था) हुन सक्तैन अतएव भन्छन्–

विशेषेऽनुगमाभावः सामान्ये सिद्धसाध्यता।
अनुमानभङ्गपङ्केऽस्मिन निमग्ना वादिदन्तिनः॥

यसैउसले सामान्य र विशेष कुनै प्रकारसँग पनि अनुमान असंभव भएबाट सो प्रमाण हुन नसक्दा यसको भरबाट कुनै कुराको पनि निर्णय हुँदैन। अनुमान नमाने लोकव्यवहार कसरी चल्ने ? यो पनि कुनै महत्त्वपूर्ण प्रश्न होइन, किनभने संभावनाबाट पनि लोकव्यवहारहरू चल्न सक्छन्। धूँवा र आगाको कार्यकारण भाव हुनाले व्याप्ति भन्नलाई साहचर्य नियम छ भन्ने कुरामा पनि चार्वाकहरू कार्यकारण भाव मान्दैमान्दैनन् किनभने संसारका सब कुरा स्वाभाविक चल्छन् भन्छन्। स्वाभावतः प्राणी दुःखी हुन्छ र स्वभावगतः सुखी पनि हुन्छ। स्वभावतः बकुल्ला सेता हुन्छन्, शुगा हरिया र मुजूर चित्रविचत्रका। अतएव भन्छन्ः–

अग्निरुष्णो जलं शीतं शीतस्पर्शस्तथानिः।
केनेदं चित्रितं सर्वं स्वभावात् तद्व्यवस्थितिः॥

अनुमानसंम प्रमाण हुन्न भन्ने चार्वाकहरू शब्दप्रमाण हुन्छ भन्न कसै पनि तत्पर हुँदैनन्। शब्द आप्तवाक्य हो। आप्तवाक्य प्रमाण मान्नु पनि एकतरहको अनुमानै हो। किनभने कुनै अनुमानबाट कुनै पुरषलाई आप्त ठहराई त्यसको वाक्य प्रमाण मान्नुपर्छ, तर अनुमानै ठीक प्रमाण हुन नसकेकाले त्यसको सहाराबाट आत्तत्वसिध्दि पनि हुन सक्दैन। तसर्थ शब्द पनि प्रमाण हुन सक्दैन। उसैले वेद, पुराण, धर्मशास्त्र केही पनि प्रमाणिक छैनन्। बरु यिनमा विचार गर्दा कति निरर्थक शब्द छन्, कति धूर्तवाद छन्, कति भाण्डवाद, कति राक्षसवाद। अतएव–

त्रयो वेदस्य कर्तारो धूर्तभाण्डनिशाचराः
जर्भरी तुर्फुरीत्यादि पण्डितानां वचः स्मृतम्
इत्यादि भन्छन्।

उसैले यस चार्वाकमतमा नत अनुमानगम्य आत्मा छ नत शब्दप्रमाणगम्य स्वर्ग अपवर्ग छ। ऐहिक विषयसुख नै परस पुरषार्थ हो। ऐहिक सुखमा दुःख पनि मिलेको छ। हुनत, जस्तै किसानले पराल छाडी चाहिएको धान मात्र थन्क्याउँछ, जस्तै माछा खाने मान्छेले काँडा छुट्याई माछा मात्र खान्छ, त्यस्तै दुःखका डरले सुखसमेत छाड्नु हुन्न किन्तु दुःख जति पन्छाई सुख जतिको अनुभव गर्नुपर्छ। जनावरले खान्छ भन्ने डरले किसानले खेती गर्न छाड्नु हुँदैन, पाहुनाका डरले गृहस्थले भात पकाउन छाड्नु हुँदैन।

दुःखसमेत आइलाग्ने डरले सुखसमेत छाड्ने मान्छे डरपोक हो, अनभिज्ञ हो, मूर्ख हो, अतएव पारलौकिक स्वर्गादि सुख छैन। धन खर्च गरी यज्ञयाग गर्नु त धूर्तहरूका चङ्गुलमा फस्नु मात्र हो। किनभने अग्निहोत्र गर्नु, वेद पढ्नु, दण्डग्रहण गर्नु, सन्यास लिनु, भस्म तिलकहरू लाउनु, इत्यादि काम बुद्धि पुरुषार्थ केही नहुनेको जीविका गर्ने बाटो हो। बुद्धि बर्कत नभएकाहरूले रचेको खाने बाटो मात्र हो। यसमा केही सार छैन। तसर्थ यहाँ यसै लोकमा परिआउने दुःख नरक हो। राजा ईश्वर हो। मर्नु नै मुक्ति हो। यथेष्ट भोगविलास गर्न पाउनु नै स्वर्थ हो। शरीरलाई नै आत्मा मानेमा म राम्रो, म नराम्रो, म मोटो, म दुब्लो, म कालो, म गोरो इत्यादि व्यवहार ठीक चल्छ। मेरो शरीर भन्ने व्यवहार राहुको शिर भने जस्तो हो। यो सबै कुरा मनमा राखेर आचार्य बृहस्पतिले मुक्त कण्ठ भएर भनिदिएका छन्ः–

न स्वर्गो नापवर्गो वा नैवात्मा पारलौकिकः।
नैव वर्णाश्रमादीना क्रियाश्च फलदायिकाः।
अग्निहोत्रँ त्रयो वेदास्त्रिदण्डं भस्मगुण्ठनम्।
प्रज्ञापौरुषहीनानां जीविकेति बृहस्पतिः।
पशुश्रेन्निहतः स्वर्ग ज्योतिष्टोमे गमिष्यति।
स्वपिता यजमानेन तत्र कस्मान्न हन्यते॥
मृतानामपि जन्तनां श्राद्धं चेत्तृप्तिकारणम्।
गच्छतामिह जन्तूनां व्यर्थं पाथेयकल्पना।
यदि गच्छेत् परं लोकं देहादेष विनिर्गतः।
कस्माद् भूयो नचायाति वन्धुस्नेहसमाकुलः।
ततश्व जीवनपायो ब्राह्मणैर्विहितस्त्विह।
मृतानां प्रेतकार्याणि न त्वन्यद् विद्यते कचित्॥

इत्यादि

(अर्थात्– न स्वर्गै छ, न पारलौकि फल भाग गर्ने आत्मा नै छ, नत, वर्णाश्रम धर्मका क्रियाकलापहरू नै फलदायी छन्। अग्निहोत्र, तीन वेद, तीन दण्ड, भस्मधारण, यी सब कुरा बुद्धि पुरुषार्थ केही नभएका मानिसका निमित्त जीविका चलाउने साधन मात्र हुन् भने बृहस्पतिको अभिप्राय छ। ज्योतिष्टोम यज्ञमा मारिएका पशु स्वर्गमा जाने हो भने सजिलैसित स्वर्गमा पठाउन यजमानले आफ्नै बाबुलाई त्यस यज्ञमा किन नमारेको ? मरेका जन्तुलाई पनि श्राद्धद्धारा तृप्ति मिल्दछ भने परदेशमा जानालार्य खर्चवर्च, सामलतुमलको झमेलो गरेर बोकेर लैजानू फजूर हुनेछ। यस देहबाट निक्लेको जीव परलोकमा जाने हो भने आफ्ना कुलकुटुम्ब बन्धुवर्गहरूको स्नेहले आकुल भएर फेरि यहीं फर्केर किन आउँदैन ? तसर्थ मरेका व्यक्तिका लागि गरिने प्रेतक्रिया आदि कर्महरू बाहुनहरूले जीविका गर्ने यौटा उपाय बनाएको मात्र हो, त्यसभन्दा अर्को यसमा कुनै तत्व छैन।)

हुन पनि अनजान मानिसहरूको त के कुरा प्रत्यगृदृष्टि मात्र नभएका शिक्षित व्यक्तिहरूसमेत प्रायः ऐहिक दृष्ट सुख दुःखहरू पाउने उपायहरूलाई नै असल सम्झन्छन्।

उसैले नीतिशास्त्र र कामशास्त्रअनुसार अर्थ तथा कामोपभोग मात्र परम पुरषार्थ भन्ठान्छन्। यसैउसले पारलौकिक कुराको अपलाप गर्न आफ्नो तुच्छ स्वार्थका निम्ति चार्वाकमतको सहायता लिन्छन्। यस्ताहरू सम्मानित हुन जाँदा अबोध जनताको यतैतिर वैरो लाग्छ। अतएव साधारण लोकमा विस्तृत हुन जाने हुनाले यस मतको नाउँ 'लोकायत' भन्ने रहेको हो। यसै कारणले चार्वाकहरूका दलबाट–

भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः
तस्मात् सर्वप्रयत्नेन ऋणं घृतं पिबेत्॥

भन्ने यसप्रकारको उच्छृंखल आवाज आउँछ। चार्वाकहरूको यस प्रकारको आचारणले लोकमर्यादालाई पार्छ। कारण यस्ता केवल भौतिकवादका सहारा मानवजीवनका समस्याहरू सुल्झिनेभन्दा झन् उल्झिने मात्र हुन्छन्। उसैले यस सिद्धान्तलाई प्रत्येक दर्शनले निन्दा गरेको छ, यो उचित पनि छ, तर पनि यस चार्वाकदर्शनको देन बडो महत्त्वपूण छ। यस विषयमा चार्वाकहरूको ऋण चुकाउन कसैले सकेको छैन, कुन कुराको भने यसले वेद, पुराण, आप्तवचनहरूको विचार गर्दा पनि अन्धश्रद्धा पन्छाई मध्यस्थ रही विचार गर्ने मार्ग प्रत्येक नास्तिक दर्शन एवं आस्तिक दर्शन सबैलाई दिएको छ।

(पुरातत्व विभागको मुखपत्र 'प्राचीन नेपाल', संख्या ५, कात्तिक २०२५बाट साभार)

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.न.१३/०६३/०६४



**नवनिर्मित पक्की पुलः**
गुल्मीको धुर्कोट गाउँपालिका र इस्मा गाउँपालिका जोड्ने छल्दी खोलामा सङ्घीय सरकारको १३ करोड लागतमा निर्माण गरिएको पक्की पुल। तस्विरः सामाजिक सञ्जाल।

# सुन्तला बिक्री गर्ने तयारीमा गुल्मीका किसान



गुल्मी। गुल्मीको धुर्कोट गाउँपालिका-२ पिपलधाराका विष्णुप्रसाद खनालको सुन्तला खेती पुर्ख्यौली पेसा हो। उनको अहिले २९ रोपनी बारीमा सुन्तला बगैँचा छ। कूल एक हजार चार सय सुन्तलाका बिरुवामध्ये आठ सयले उत्पादन दिइरहेका छन्। बाँकी छ सय बिरुवाले अर्को वर्षबाट क्रशमः उत्पादन दिनेछन्। गतवर्ष उनले २६ टन सुन्तलाबाट रु १३ लाख आम्दानी गरेका थिए।

गतवर्ष उनले साना-ठूला गरी सबै दाना बगैँचाबाट नै प्रतिकेजी ५० मा बिक्री गरे। यस वर्ष सुन्तलाको उत्पादन राम्रो भएकोले गत वर्षभन्दा बढी आम्दानी हुने उनी बताउँछन्। यस वर्ष पनि उनी सुन्तला बिक्री गर्ने तयारीमा छन्। पेसाले शिक्षक रहेका खनालले सुन्तलाको बिरुवाको लागि आफ्नै बारीमा नर्सरीको स्थापना गरेका छन्। गतवर्ष कृषि ज्ञान केन्द्रको सहयोगमा उनले सिँचाइको लागि पोखरीसमेत निर्माण गरेका छन्। 'सानैदेखि व्यावसायिक बन्ने सोच थियो,' उनले भने-"दिउँसोमा विद्यालय भए पनि बिदा र बिहान-बेलुकाको समय सुन्तला खेतीमा लगाउँछु।"

उनको फर्मबाट परिवारका सदस्यबाट हुने श्रम बाहेक वार्षिक तीन सय दिन रोजगारी समेत सिर्जना हुने गर्दछ। पिपलधाराका वडाध्यक्ष बाबुराम खड्का पनि सुन्तला किसान छन्। उनले यस वर्ष मात्रै एक हजार सुन्तलाका बिरुवा लगाएका छन्। केही वर्ष पहिले आठसय बिरुवा लगाएका थिए। उनको पनि पुर्ख्यौली पेसा सुन्तला खेती भएकोले अहिले तीन सय ५० बोटले उत्पादन दिइरहेका छन्। ४० रोपनी क्षेत्रफलमा सुन्तलाखेती गरेका उनले सुन्तला रेखदेखको लागि एकजनालाई रोजगारी समेत दिएका छन्। सुन्तला राम्रो उत्पादन हुँदा प्रतिबोट चार सय दानासम्म उत्पादन हुने उनले बताए। 'लगाएका सबै बिरुवा फल्दा १८ हजार क्वीन्टल सुन्तला उत्पादन हुन्छ,' उनले भने-"यसबाट अहिलेको बजार मूल्यअनुसार ६० लाखको आम्दानी हुन्छ।" यसमा खर्च २० लाख कटाउँदा पनि बाँकी ४० लाख नाफा हुने वडाध्यक्ष खड्काले बताए।

राजनीति गरेर मात्रै जीवन नचल्ने भएकोले आफूले पुर्ख्यौली पेसालाई व्यावसायिकरण गरेको उनले जनाए। 'राजनीतिक नेताहरुको व्यवसाय नहुँदा नागरिकले शङ्का गर्छन्,' उनले भने-'कृषिसँगै जनसेवा गर्ने चाहाना छ।'

स्थानीय केशव खनालको बगैँचामा पनि अहिले एक हजार सुन्तलाका बोट छन्। विगतदेखि नै सुन्तलाखेती गर्दै आएका केशव अहिले थप व्यावसायिक बनेका छन्। गत वर्ष मात्रै उनले ९० क्वीन्टल सुन्तला बिक्रीबाट छ लाख आम्दानी गरेका थिए। गतवर्ष उनको बगैँचाबाट प्रति केजी रु ५५मा सुन्तला बिक्री भएको थियो। अहिले पनि उनको बारीमा दुई सय बिरुवाले फल दिइरहेका छन्। बाँकी आठ सय बिरुवा कलमे र नयाँ लगाएकाले केही वर्षमा फल दिनेछन्। उनले चक्लाबन्दी गरेर पनि सुन्तलाका बिरुवा लगाएका छन्।

निकट भविष्यमा उनीसँग भएका सबै बिरुवा फल्दा डेढसय क्वीन्टलभन्दा बढी सुन्तला फल्छन्। यसबाट उहाँको आम्दानीमा पनि उल्लेख्य वृद्धि हुनेछ। 'बजार मूल्यभन्दा कम मूल्य पाउछौं,' उनले भने-"बगैँचाबाटै सुन्तला बिक्री हुन्छ।"

**चार करोडको सुन्तला निर्यात**

पिपलधारा सुन्तला खेतीको लागि प्रख्यात मानिन्छ। यहाँका ६० प्रतिशत नागरिक सुन्तला खेतीमा आबद्ध छन्। पिपलधारामा कूल दुई हजार रोपनी जग्गालाई सुन्तला पकेट एरियाको रुपमा निर्धारण गरिएको छ।

उक्त जग्गालाई पाँच हजार रोपनीसम्म विस्तार गर्ने योजना वडाको छ। सुन्तला लिनको व्यापारी बगैँचामै आउने गर्दछन्। पिपलधाराको सुन्तला स्थानीय बजार हुँदै तम्घास, अर्घाखाँची, पाल्पा, बुटवललगायतका स्थानमा पुग्ने गर्दछन्। यो वर्ष पनि केही दिनभित्रै सुन्तला निर्यात गर्ने तयारी भइरहेको वडाध्यक्ष खड्काले बताए। 'सुन्तलाको बजारीकरणको लागि कुनै समस्या छैन,' वडाध्यक्ष खड्काले भने-"पिपलधाराको पहिचान नै सुन्तलाबाट बनेको छ।" गतवर्ष मात्रै पिपलधाराबाट चार करोडको सुन्तला निर्यात भएकोमा यो वर्ष चार करोड ५० लाखभन्दा बढीको सुन्तला निर्यात हुने वडाध्यक्ष खड्काले बताए।

# स्वास्थ्य सेवा ऐन ल्याउने तयारी




काठमाडौँ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तीनै तहमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीको समस्या सम्बोधन गर्ने उद्देश्यकासाथ स्वास्थ्य सेवा ऐन ल्याउने तयारी गरेको छ।

मन्त्रिपरिषद् बैठकले सङ्घीयताअनुरुपको स्वास्थ्य सेवा ऐन अघि बढाउन सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ। हालसम्म नेपाल स्वास्थ्य सेवा ऐन २०५३ नै अस्तित्वमा रहेकामा यसले सङ्घीयताअनुरुप कर्मचारीको व्यवस्थापन गर्न नसकेको भन्दै स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले ऐन ल्याउनका लागि प्रक्रिया अघि बढाउने उद्देश्यका साथ मन्त्रिपरिषद बैठकमा प्रस्ताव लगेका थिए।

सङ्घीयताअनुरूपको नयाँ ऐन नआउँदा समायोजन भएका कर्मचारीको वृत्ति विकासमा समस्या देखिएको छ। मन्त्रालयले तीनै तहका कर्मचारीबिच अन्तरसम्बन्ध कायम गर्ने तथा स्वास्थ्य सेवामा रहने पदबारे आवश्यक व्यवस्था गर्ने गरी नयाँ ऐनको प्रस्ताव गर्नेछ।

अब मन्त्रालयले ऐनको मस्यौदा तयार पारेर संसद्मा लैजानुअघि मन्त्रिपरिषद्मा पुनः स्वीकृतिका लागि लैजानेछ। ऐन कार्यान्वयनमा आए सङ्घीय स्वास्थ्य सेवामा रहेका २८ हजारका कर्मचारी तथा विभिन्न तहमा समायोजनमा रहेका गरी कूल ५८ हजार बढी स्वास्थ्य कर्मचारी लाभान्वित हुनेछन्।

**टिकट...**

त्यसअनुसार दिल्ली, मुम्बई र बैङ्गलोर गन्तव्यको भाडादरमा दुई हजार पाँच सयसम्म तथा दोहा, दुबई, दमाम, क्वालालम्पुर, हङकङ, बैंकक र नारिताका लागि पाँच हजार रुपैयाँसम्म छुट उपलब्ध गराउने निगमले निकालेको विज्ञप्तिमा उल्लेख छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री बद्री पाण्डेले अन्तर्राष्ट्रिय उडान भर्ने हवाई कम्पनीलाई २४ घण्टाभित्र हवाई भाडादर उपलब्ध गराउन यसअघि निर्देशनसमेत दिइसकेपछि अझैँ पनि सबैले भाडादर सार्वजनिक गरेका छैनन्।

भैरहवा-रूपन्देहीमा रौनक

अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले उडान थालेपछि भैरहवा र वरिपरिका क्षेत्रमा रौनक छाएको छ। नेपाल एयरलाइन्स, जजीरा एयरवेज, थाइल्यान्डको थाई एयर एशिया, संयुक्त अरब इमिरेट्स(यूएई) को फ्लाई दुबई र कतारको कतार एयरवेजले नियमित उडान थालेका छन्। नेपाल एयरलाइन्सले सातामा चार दिन काठमाडौं-भैरहवा-दुबई-काठमाडौं र जजीरा एयरवेजले सातामा तीन दिन कुवेत-भैरहवा उडान गरिरहेका छन्। यस्तै, थाई एयर एसियाले सोमबार र बिहीबार बैंकक-भैरहवा सिधा उडान गरिरहेको छ।

त्यस्तै फ्लाई दुबईले दुबई-भैरहवा-काठमाडौं-दुबई र कतार एयरवेजले दोहा-भैरहवा-काठमाडौं-दोहा दैनिक एक उडान भरिरहेका छन्।

यहाँबाट दैनिक अन्तर्राष्ट्रिय उडान सुरु भएपछि निजी क्षेत्र उत्साहित छ। आगनबाटै विदेश जान पाउँदा सर्वसाधरणलाई सहज भएको छ। होटेल व्यवसाय समेत फस्टाउने व्यवसायीको अपेक्षा छ। भैरहवा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुँदा यस क्षेत्रको पर्यटन क्षेत्र पनि उत्साहित छ। 'विमानस्थल निर्माण सुरु भएदेखि यहाँ पर्यटन क्षेत्रमा लगानी लगाउन सुरु भइसकेको थियो। लगानीको प्रतिफल नपाउँदा व्यवसायी निराश थिए', भैरहवाका पर्यटन व्यवसायी कमल आचार्य भन्छन्-'अब अन्तर्राष्ट्रिय उडानले केही आशा पलाएको छ।'

उनले भैरहवाबाट अन्तर्राष्ट्रिय उडानले यो क्षेत्र विभिन्न मुलुकसँग सीधा रूपमा जोडिने हुँदा पर्यटन क्षेत्रका साथै यो क्षेत्रको कारोबार फस्टाउने विश्वास लिइएको बताए। 'भैरहवा विमानस्थलबाट दैनिक अन्तर्राष्ट्रिय उडान हुँदा हामी हर्षित छौं', उनले भने-'अझैँ यहाँ नआएका एयरलाइन्सहरूलाई सरकारले ल्याउनुपर्छ र प्रवर्द्धनका लागि यस क्षेत्रका होटल व्यवसायी, स्थानीय सरकार, प्रदेश सरकार लगायतले सहजीकरण गर्नुपर्छ।'

विमानस्थलको सबैभन्दा बढी प्रयोग वैदेशिक रोजगारीमा जाने सर्वसाधारणहरूले गरिरहेका छन्। यहाँबाट विदेश जान सुरुवात भइसकेको छ। ०७९ सालदेखि भैरहवामा श्रम तथा रोजगार कार्यालय वैदेशिक रोजगार व्यवस्थापन शाखा कार्यालय सञ्चालनमा छ।

जसले पूर्वश्रम स्वीकृति, अन्तिम श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृतिको सेवा दिने गरेको छ। सबैभन्दा बढी व्यक्तिगत श्रम स्वीकृतिको सेवा दिइएको छ। हाल दैनिक एक सय जनालाई पुनः श्रम स्वीकृति र ५० जनालाई व्यक्तिगत नयाँ श्रम स्वीकृतिको सेवा प्रवाह भइरहेको कार्यालयले जनाएको छ।

**प्रदेश...**

हाल स्वीस सरकारको सहयोगमा बर्दिया जिल्लाको ४ वटा पालिकामा सशस्त्र द्वन्द्व पीडितहरुको मनोसामाजिक परामर्श र समुदायको समावेशीकरण परियोजनामा सीएमसी नेपालसँग साझेदारीमा गएको वर्षसम्म १३०८ जना व्यक्तिहरुलाई उपचार र पूनर्स्थापनामा योगदान पुऱ्याइरहेको र १३ जना द्वन्द्व पीडितहरुका सदस्यलाई मानसिक स्वास्थ्य परामर्श र स्वयंसेवक सेवकका रुपमा तालिम दिएको थियो।

स्वास्थ्य मन्त्री खेमबहादुर सारुले अब प्रादेशिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनैतिक कार्ययोजना निर्माण अन्तिम चरणमा रहेको र प्रदेश सरकारबाट निर्णय गरेर १२ वटा जिल्लाका १०९ पालिकामा मानसिक स्वास्थ्य उपचार सेवा प्रदान गर्न स्विस सरकार र विकास साझेदार संस्थाहरसँगको सहकार्यमा अगाडि बढाउने विचार व्यक्त गरे।

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला सीमीचौर गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. १०, बस्ने श्री ढडसिङ गमालको नाती श्री छविलाल गमाल मगरको छोरा श्रीमती देउकला गमाल मगरको पती बर्ष ८१ को श्री मित्र बहादुर गमाल भन्ने मित्र बहादुर गमाल मगर (नागरिकता नं. ११८२५ जि.प्र.का गुल्मी मिति २०४५/०१/२६ मा जारी) को मिति २०८१/०४/०२ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२५४३ मा भएको रकम भुक्तानी पाउभनि निजको छोरा श्री खुम बहादुर गमालले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री मित्र बहादुर गमाल भन्ने मित्र बहादुर गमाल मगर (नागरिकता नं. ११८२५ जि.प्र.का गुल्मी मिति २०४५/०१/२६ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपालएसबिआई बैंक लि.
गुल्मीशाखा, गुल्मी
फोन ०७९-५२१०२९,
फ्याक्स ०७९-५२११९४

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला दोहोली गा.वि.स. वडा नं. ०३ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, इस्मा गा.पा. वडा नं. ०४, बस्ने श्री रत्न घर्तीको नातिनी श्री मन बहादुर घर्तिको छोरी श्री लाल बहादुर खत्रीको श्रीमती बर्ष ७९ की श्रीमती कली देवी भन्ने कलिदेवी खत्री (नागरिकता नं. ३००७ जि.प्र.का गुल्मी मिति २०५७/०७/०८ मा जारी) को मिति २०८१/०३/२५ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२११५ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री मेघ बहादुर खत्री ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती कली देवी भन्ने कलिदेवी खत्री (नागरिकता नं. ३००७ जि.प्र.का गुल्मी मिति २०५७/०७/०८ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपालएसबिआई बैंक लि.
गुल्मीशाखा, गुल्मी
फोन ०७९-५२१०२९,
फ्याक्स ०७९-५२११९४

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला गौडाकोट गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, गुल्मीदरवार गा.पा. वडा नं. ०३, बस्ने श्री देव बहादुर बस्नेतको नातिनी श्री अमर बहादुर बस्नेतको छोरी श्री अमर बहादुर थापाको पत्नी बर्ष ८४ की श्रीमती हरि कला भन्ने हरि कला थापा (नागरिकता नं. ९७० जि.प्र.का गुल्मी मिति २०४३/०८/१९ मा जारी) को मिति २०८०/०३/१४ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४९५६ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री राम बहादुर थापा ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती हरि कला भन्ने हरि कला थापा (नागरिकता नं. ९७० जि.प्र.का गुल्मी मिति २०४३/०८/१९ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपालएसबिआई बैंक लि.
गुल्मीशाखा, गुल्मी
फोन ०७९-५२१०२९,
फ्याक्स ०७९-५२११९४

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला रिमुवा गा.वि.स. वडा नं. ०२ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, रुरुक्षेत्र गा.पा. वडा नं. ०६, बस्ने श्री लालमान सुनारको नातिनी श्री तिल विर सुनारको छोरी श्री चन्द्रे सुनारको पत्नी बर्ष ८० की श्रीमती चित्री भन्ने चितौरी सुनार (नागरिकता नं. १३३९३ जि.प्र.का गुल्मी मिति २०४५/०१/११ मा जारी) को मिति २०८०/१२/०९ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०५४२६ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री राम बहादुर सुनारले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती चित्री भन्ने चितौरी सुनार (नागरिकता नं. १३३९३ जि.प्र.का गुल्मी मिति २०४५/०१/११ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपालएसबिआई बैंक लि.
गुल्मीशाखा, गुल्मी
फोन ०७९-५२१०२९,
फ्याक्स ०७९-५२११९४

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला गौडाकोट गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, गुल्मीदरवार गा.पा. वडा नं. ०३, बस्ने श्री नाम थाहा नभएकाको नातिनी श्री टिकाराम खासुको छोरी श्री क्षेत्र बहादुर गाहाको श्रीमती बर्ष ६० की श्रीमती धन कुमारी भन्ने धन कुमारी गाहा (नागरिकता नं. ७९८८ जि.प्र.का गुल्मी मिति २०४४/१२/२५ मा जारी) को मिति २०८१/०४/२५ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०५३६२ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री यम बहादुर गाहाले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती धन कुमारी भन्ने धन कुमारी गाहा (नागरिकता नं. ७९८८ जि.प्र.का गुल्मी मिति २०४४/१२/२५ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपालएसबिआई बैंक लि.
गुल्मीशाखा, गुल्मी
फोन ०७९-५२१०२९,
फ्याक्स ०७९-५२११९४

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# थन्किएको काठको लिलाम प्रकृया अघि बढाउँछौं : मन्त्री कलवार

परासी। लुम्बिनी प्रदेशका वन तथा वातावरण मन्त्री देवकरणप्रसाद कलवारले लामो समयदेखि विभिन्न वन समिति र वन कार्यालयमा रहेका काठलाई लिलाम गर्न प्रकृया अघि बढाउने बताएका छन्।

गृह जिल्ला नवलपरासीको गुठिप्रसौनीमा शुक्रबार पत्रकार भेटघाट कार्यक्रममा मन्त्री कलवारले अब प्रदेशभरीबाट तथ्यांक संकलन गरेर त्यसलाई बिक्री गर्ने प्रकृया अघि बढाउने बताएका हुन्। उनले विभिन्न कारणले लिलाम हुन नसक्दा वर्षौंदेखि करोडौंका काठ कुहिने अवस्थामा पुगेको बताउँदै त्यसलाई छिट्टै नै प्रक्रिया ल्यार लिलाम गर्ने बताए।

'एकातिर उपभोक्ताहरुले काठ पाएका छैनन् । अर्कोतिर वन समिति र कार्यालयहरुमा रहेका काठ कुहिने अवस्थामा पुगेका छन् । यसले राज्यलाई समेत करोडौं राजस्व घाटा भएको छ । 'मन्त्री कलवारले भने काठ लिलाम हुँदा बिचौलिया र ठेकेदारहरुको वर्चस्व हुने बताउँदै उनले पहिला उपभोक्ताहरुको मागलाई ध्यानमा राखेर बिक्री प्रकृया अघि बढाउने बताए।

गृह जिल्ला नवलपरासीको गुठिप्रसौनीमा शुक्रबार पत्रकार भेटघाट कार्यक्रममा मन्त्री कलवारले सामुदायिक वनहरुले तिर्दै आएको करलाई समेत एकीकृत प्रणालीको माध्यमबाट अघि बढाउन आफूले पहल गर्ने बताए । 'सामुदायिक वनहरुले अहिले तीन वटा सरकार र कर कार्यालयमा समेत छुट्टाछुट्टै कर बुझाउँदै आएका छन् । अब त्यसलाई एकै ठाउँबाट तिर्ने गरी व्यवस्था मिलाउन पहल गर्छौं।'-मन्त्री कलवारले भने।

प्रदेशको वन क्षेत्रको विकासका लागि आफूले १२ वटै जिल्लामा वनलाई कृषिसँग जोडेर कार्यक्रम अघि बढाउने उनले बताए । त्यसका लागि आफूले खेती योग्य जमिनका छेउछाउ र खाली रहेका सार्वजनिक जग्गामा तारबार गरी वृक्षारोपण कार्यक्रम अघि बढाउने बताए। वनलाई कृषिसँग जोडेर कार्यक्रम गर्दा स्थानीयको आर्थिक अवस्थामा सुधार हुनुका साथै पछिल्लो समय बढ्दै गएको जलवायु परिवर्तनको असरलाई समेत कम हुनेमा उनले विश्वास व्यक्त गरे।

फरक प्रसंगमा उनले आफू मन्त्री भएपछि कर्मचारीको सरुवा गरिदिनुपऱ्यो भन्दै आउने गरेको बताए। उनले भने-'अहिले फलानो जिल्लाको डिएफओ र अधिकृतको सरुवा गरिदिनुपऱ्यो भन्दै आउने गरेका छन्। राम्रो काम गर्ने कुनै पनि कर्मचारीको भनसुनका आधामा सरुवा हुँदैन । निर्धक्क भएर काम गर्नुस्।'

# एभरेष्टमा साँस्कृतिक महोत्सव



बुटवल । बुटवलको सुख्खानगरमा रहेको एभरेष्ट इङ्ग्लिस माध्यमिक विद्यालयमा एभरेष्ट साँस्कृतिक महोत्सव भएको छ। प्रारम्भिक तहदेखि कक्षा १२ सम्मका विद्यार्थीहरुमा धर्म, संस्कृति, रितीरिवाज, परम्परा र इतिहासका बारेमा जानकारि गराउने उद्देश्यले विद्यालयमा शुक्रबार साँस्कृतिक महोत्सव गरिएको हो।

साँस्कृतिक महोत्सवमा कक्षा तीनदेखि १२ कक्षासम्मका तहगत रुपमा बनेका दुई दर्जनबढी समुहहरुले सहभागिता जनाएका थिए। समूहगत रुपमा भएको साँस्कृतिक महोत्सवमा उत्कृष्ट जातीय, धार्मिक तथा परम्परागत भेषभुषा र संस्कृति प्रस्तुत गर्ने समूहलाई पुरस्कृत समेत गरिएको विद्यालयका सह-प्राचार्य भिमसेन गौतमले जानकारी दिए।

विद्यालयमा पठनपाठनसँगै संस्कृति र संस्कार सहितको शिक्षालाई पनि जोड दिँदै आएकाले साँस्कृतिक महोत्सवलगायतका कार्यक्रमहरु विद्यालयमा आयोजना गर्दै आएको प्राचार्य कृष्ण न्यौपानेले बताए। विद्यार्थीको चौतर्फि विकासकालागि सबै प्रकृतिका कार्यक्रमहरु विद्यालयमा आयोजना गरिंदै आएको उल्लेख गर्दै प्राचार्य न्यौपानेले विद्यार्थीको सृजनशिलता र नयाँ खोजलाई विद्यालयले प्रोत्साहन दिँदै आएको बताए।

विद्यालय सञ्चालक समिति अध्यक्ष गमप्रसाद रेश्मीको अध्यक्षतामा भएको कार्यक्रममा उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ (हिसान) रुपन्देहीका अध्यक्ष दिनेश भुसाल, विद्यालय सञ्चालक समिति सदस्य बलबहादुर थापा, ठाकुरप्रसाद ज्ञवाली, उपप्रचार्यद्वय उमेश रेग्मी र माला पाण्डे, प्राध्यापक डा. शालिकराम भण्डारी, कार्यक्रम संयोजक सरस्वती पाण्डेलगायतले विद्यार्थीलाई सबैखाले धर्म संस्कृती र परिभेषका बारेमा समयसमयमा जानकारी गराउन आवश्यक रहेको बताए।

विद्यालयका शिक्षक ज्ञानधरा पन्तको सञ्चालनमा भएको कार्यक्रममा मदन नेपाली, मीना बुढाथोकी, बालकृष्ण पाण्डे र विशाल थापाले निर्णायकको भूमिका निभाएका थिए। कार्यक्रममा कक्षा ४ र ५, कक्षा ६,७ र ८, कक्षा ११ र १२ का विभिन्न संकायका विद्यार्थीहरुले समूहगत रुपमा सहभागिता जनाएका थिए।

उनीहरुले हिन्दु, मुस्लिम, क्रिश्चियन समुदायलाई प्रतिनिधित्व गर्ने विभिन्न रितिरिवाज र धर्म संस्कृतिका बारेमा आआफ्ना प्रस्तुति देखिएका थिए भने ब्राम्हण, क्षेत्री, गुरुङ, मगर, नेवार, राईलगायतले मान्ने पर्व, धर्म, संस्कृति र चालचलनहरुलाई उनीहरुकै भेषभुषा, रितिरिवाजकै आधारमा अभिनयका माध्यमले दुरुस्त प्रस्तुत गरेका थिए।

# फ्युचरलाइटको रजत जयन्ती समारोह

भैरहवा । फ्युचरलाइट इङ्ग्लिस हाइ स्कुलले रजत जयन्ती मनाएको छ। रुपन्देही जिल्लाको मायादेवी गाउँपालिका वडा नम्बर ८ मा रहेको फ्युचर लाइट इङ्ग्लिस हाइस्कुलले रजत जयन्ती मनाएको हो। विद्यालयले ६ गते र ७ गते गरी विभिन्न कार्यक्रम गरी विद्यालय स्थापना भएको २५ वर्ष मनाएको छ। विद्यालय स्थापना भएको २८ वर्ष भएता पनि विभिन्न कारणबश आफ्नो २५औं वर्ष मनाउन नसकेको र यस वर्ष पच्चीसौं वर्ष मनाएको विद्यालयका प्रधानाध्यापक गम्भीर गुरुङले बताए।

गुरुङले यस विद्यालय स्थापना गर्दा निकै कठिनाइ र समस्या झेल्दै सानो भवनबाट सुरु गरेको विद्यालय आज यसस्तरमा पुऱ्याउन आफ्ना सम्पूर्ण परिवार दाजुभाइ र यस विद्यालयका विद्यार्थीहरूका अभिभावक र निरन्तर खटिने शिक्षक शिक्षिकाको योगदान अतुलनीय रहेको बताए।

कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि कोरियन भिक्षु जङ उ वनरो बोधि सातवाले यस विद्यालयमा पढ्ने विद्यार्थीहरूमध्ये कोरिया गई पढ्न इच्छुक विद्यार्थीहरूका लागि कोरियामा छात्रवृत्ति प्रदान गर्ने बताए।

कार्यक्रममा बोल्दै जिल्ला शिक्षा समन्वय इकाई रूपन्देहीका प्रमुख माधव बञ्जाडेले अहिलेको समयमा विद्यार्थीहरूलाई किताबी ज्ञानसँगसँगै व्यवहारिक ज्ञानमा जोड दिनसके मात्र विद्यार्थीहरूको सर्वाङ्गीण विकास हुने बताए।

कार्यक्रममा साँस्कृतिक कार्यक्रमसँगसँगै ७० वर्ष नागेका वृद्धवृद्धाहरू ५० जनालाई सम्मान, शिक्षकहरूलाई सम्मान, भूपू विद्यार्थीहरूलाई सम्मान गरिएको थियो भने विद्यार्थीहरूले विज्ञान प्रदर्शनी गरेका थिए । उक्त कार्यक्रममा कक्षा नौकी छात्रा मन्सु खड्काले कोरियन भाषामा मन्तव्य राखेकी थिइन् भने कक्षा ८ की सन्ध्या सुनारले अंग्रेजी भाषामा मन्तव्य राखेकी थिइन्।


बाल अधिकारप्रति संवेदनशील बनौं

-माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण,

शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक

बालबालिकाको आधारभूत अधिकार हुन्।

-बालबालिकाको बाँच्न पाउने, संरक्षण, विकास एवम्

सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं।

-बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार

र अभिभावक लगायत सबै संवेदनशील बनौं।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं।

नेपाल सरकार विज्ञापन बोर्ड


# रैनादेवीमा सकियो न्वागी उत्सव




कृष्ण पोखरेल

पाल्पा


पश्चिम पाल्पाको रैनादेवी छहरा गाउँपालिका वडा नं. ३ भुवनपोखरी रैनादेवी मन्दिर परिसर गोखुङ्गामा दुई दिने न्वागी उत्सव सकिएको छ। रैनादेवी क्षेत्रका कृषकले भित्राएको नयाँ धान देवीलाई चढाएर, कृषकहरुले घर-घरमा दही-चामल खाएर मन्दिर परिसरमा भजनकृर्तन नाचगान गरेर दुईदिने न्वागी उत्सव सकिएको छ।

न्वागी उत्सव समापनमा लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले पश्चिम पाल्पाको ऐतिहासिक पर्वको रुपमा न्वागी पर्व रहेको बताए। न्वागी पर्व कृषकको खेतीपातीसँग जोडिएको छ, धार्मिक आस्थासँग जोडिएको छ, परम्परागत जातजाति, कला संस्कृतिको प्रदर्शन, जर्गेनासँग जोडिएकोले ऐतिहासिक पर्वको रुपमा न्वागी पर्वलाई लिने सकिने सभामुख घर्तीमगरले बताए।

पश्चिम पाल्पामाको साथै गुल्मी र अर्घाखाँचीमा रैनादेवीको ठूलो महिमा र आस्था रहेकोले दिनहुँ धार्मिक पर्यटकहरुको आवत जावतमा वृद्धि भएको, धार्मिक तथा पर्यटकीय पूर्वाधारहरु निर्माण हुँदै गएकोले मन्दिरको महिमा दिनहुँ बढ्दै गएको छ। परम्परागत मौलिक कला संस्कृतिले रमझममा रमाएका सहभागी अतिथिहरुले मन मस्तिष्कलाई ताजा जुझारु तथा सक्रिय बनाएको महशुस गरेका छन्। यस्ता मौलिक कला संस्कृति बचाउन वडा, स्थानीयतह, प्रदेश तथा केन्द्र सरकारबाट नीतिगत रुपमा व्यवस्था गर्न अतिथिहरुले जोड दिएका थिए।

कार्यक्रममा गाउँपालिकाका अध्यक्ष रुक्माङ्गत भट्टराईले रैनादेवी क्षेत्र विकास निर्माणदेखि पुनर्निर्माणसम्म गाउँपालिकाले प्राथमिकता दिएर काम गर्दै आएको बताए। रैनादेवीको नामबाट गाउँपालिकाको नाम रहेकोले रैनादेवीको मन्दिर निर्माणको काम पालिकाले गर्दै आएको उनले बताए। रैनादेवीलाई यस क्षेत्रकै धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न पालिकाले विस्तृत योजना बनाएर काम गर्दै आएको पालिका अध्यक्ष भट्टराईले बताए।

३ नं. वडा कार्यालय भुवनपोखरीले न्वागी उत्सवमा स्थानीय कला संस्कृतिलाई बचाउन, स्थानीय परम्परागत कलाकारहरुलाई उत्साहित बनाउन, एक पुस्ताबाट अर्को पुस्तामा संस्कृतिको हस्तान्तरण गर्न पालिकास्तरीय सोरठी नाच प्रतियोगिता सञ्चालन गरेको छ। प्रतियोगितामा ९ वटा सोरठी नाच प्रस्तुत भएकोमा पेलावास सोरठी नाच समूह प्रथम, सिद्देश्वर साउने मगर समाज सोरठी नाच समूह द्बितीय, जनप्रिय दाजुभाइ नाच समूह अर्घाई तृतीय र साउनेली समाज सोरठी नाच समूह सान्तवना भएका छन्। वडा कार्यालयले विजयी हुने प्रथम समूहलाई नगद २० हजार, प्रमाणपत्र, द्बितीयलाई नगद १५ हजार, प्रमाणपत्र, तृतीयलाई नगद रु १० हजार र सान्तवनालाई नगर ५ हजार, सहभागी सबै समूहलाई यातायात खर्च उपलवब्ध गराएको वडा अध्यक्ष प्रदिप पौडेलले बताए। विजयी नाच समूहलाई प्रदेश सभामुख तुलाराम घर्तीमगर, गाउँपालिका अध्यक्ष रुक्माङ्गत भट्टराइ, उपाध्यक्ष युवराज थापा, वडा अध्यक्ष प्रदिप पौडेल, मन्दिर व्यवस्थापन समितिका अध्यक्ष मीनबहादुर दर्लामीले नगद तथा प्रमाणपत्र वितरण गरेका थिए। विगत केही वर्षयता रैनादेवी मन्दिर धार्मिक पर्यटकीय केन्द्रको रुपमा विकास भइरहेको र यस क्षेत्रमा चहल पहल वृद्धि भएको वडा अध्यक्ष पौडेलले बताए।

रैनादेवी भुवनपोखरी गोखुङ्गाको न्वागी उत्सवह हेर्न जिल्लाका सभासदहरु, प्रमुख, जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुख, राजनीतिक दलका नेतागणहरुको सहभागिता रहेको थियो। पश्चिम पाल्पा, पूर्वी अर्घाखाँची र दक्षिण गुल्मी क्षेत्रमा नयाँ धान रैनादेवीलाई चढाएर, देवीको पूजापाठ गरी खाने प्रचलनलाई न्वागी पर्व भन्ने गरिन्छ। तान्त्रिक विधिबाट रैनादेवी मन्दिर परिसरमा लामाधामीले न्वागीको मिति तोक्ने परम्परा रहेको पाइन्छ। नयाँ धान भित्राएपछि कृषकहरुले रैनादेवी भगवतीलाई दही, चामल, सिलाम, केरा, महलगायत चढाएर नयाँ चामलको प्रयोग गर्ने परम्परा रहेको छ।

पछिल्लो समय मन्दिरमा पुगेका भक्तजन, पर्यटक, तथा दर्शकहरुलाई दही चामल खुवाएर न्वागी पर्वलाई विशेष पर्वको रुपमा मनाउने अभियानमा वडा कार्यालय लागेको छ।

दही चामलसँगै, स्थानीय कला संस्कृति बचाउने, युवा पुस्तामा कला संस्कृति सिकाउने स्थानीय भजन, पञ्चेबाजाको तालमा नचाउने, ठूलो तथा सोरठी ठूलो नाचमा मादल ठोकाउने काम प्रतिस्पर्धातमक रुपमा हुँदै आएको मन्दिर संरक्षण समितिका अध्यक्ष मीनबहादुर दर्लामीले बताए। गाउँपालिकाले भुवनपोखरी गोखुङ्गामा रैनादेवीको काष्टकलायुक्त आकर्षक मन्दिर बनाएपछि भक्तजनहरुको भिडभाड बढेको छ। रैनादेवी मन्दिर परिसर गोखुङ्गाबाट अन्नपूर्ण, धौलागिरी, निलगिरीलगायतका हिमालहरु देख्न सकिन्छ। डाँडाको टुप्पोमा मन्दिर रहेकोले चारैतिरका दृश्वहरु हेरेर धार्मिक पर्यटकहरु रेनादेवी मन्दिर परिसरमा रमाउने गर्दछन्।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदूर संघको भवनमा

फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com


# लुम्बिनीमा हजार बुद्ध मन्दिरको उद्घाटन



भैरहवा । पूर्वराजा ज्ञानेन्द्र शाहको उपस्थितिमा लुम्बिनीको पाल थुव्तेन सेडुप लिङ गुम्बा (हजार बुद्ध मन्दिर) को उद्घाटन गरिएको छ। कानिङ सेडुव लिङ गुम्बा संगठन तथा विकास कोष परिवारले निर्माण गरेको गुम्बाको शुक्रबार एक समारोहकाबिच उद्घाटन गरिएको हो।

बौद्ध गुरु छोकी निमा रिन्पोछे, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमे) ले गुम्बाको औपचारिक उद्घाटन गरेका हुन्। शुक्रबार बिहान साढे ११ बजे लुम्बिनीस्थित पश्चिम विहारमा स्थापित मन्दिरको पूजामा सहभागी पूर्वराजा शाह सहभागी भए । रुपन्देही आइपुगेका शाहलाई भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उनका समर्थक, शुभेच्छुक, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता, कार्यकर्ता, राजावादीलगायतले स्वागत गरेका थिए।

पूर्वराजा शाहलाई बौद्ध गुरु छोकी निमा रिन्पोछेले स्वागत गरेका थिए। यसैगरी उनलाई बौद्ध धर्मगुरुहरुले समेत स्वागत गर्दै पूजामा सहभागी गराएका थिए । उद्धाटन समारोहमा बोल्दै बौद्ध गुरु निमा रिन्पोछेले देश तथा विदेशका चन्दादाताहरुको सहयोगबाट हजारबुद्धको महाविहार निर्माण भएको भन्दै अब यसको संरक्षण सबैले गर्नुपर्ने बताए। उनले बुद्ध भगवानको जन्मस्थल लुम्बिनीमा विहार निर्माण गर्न पाउँदा निकै खुशी लागेको बताउँदै आफूहरुलाई पूजाको वातावरण बनाइदिन आग्रह गरे।

त्यस्तै कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमे) ले लुम्बिनीमा ठूलो गुम्बा निर्माण हुनु लुम्बिनी र नेपालसँगै विश्वका शान्तिप्रेमीहरुका लागि गौरव भएको बताए। उनले परमपुज्य गुरु निमा रिन्पोछेंले लुम्बिनीमा गुम्बा निर्माण गरेर बुद्ध दर्शनको प्रवर्द्धनमा ठूलो टेवा पुग्ने बताए । 'यो गुम्बा राज्यले नै निर्माण गर्नुपर्ने थियो, रिन्पोछें र विश्वका सहयोगदाताहरुले निर्माण गरेर बुद्ध दर्शनको अध्ययनमा ठूलो योगदान गर्नेछ।'- उनले भने।

त्यसै गरी कार्यक्रममा लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री चन्द्रकेश गुप्ताले लुम्बिनीमा विहारहरु निर्माण हुने कुराले बौद्ध पर्यटनमा ठूलो टेवा पुऱ्याउने बताए।

कार्यक्रममा लुम्बिनी साँस्कृतिक नगरपालिकाका प्रमुख सजरुद्दीन खान, लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराई, लुम्बिनी साँस्कृतिक नगरपालिकाका उपप्रमुख कल्पना हरिजन, कोषका सदस्य सचिव सानुराजा शाक्य लगायतका व्यक्तिहरुको सहभागीता रहेको थियो।

विहार उद्घाटन अघि मंसिर ४ गतेदेखि प्राण प्रतिष्ठान पूजा गरिएको थियो। पुण्य मंगल ज्ञान बर्सात नाम शुद्धि स्नानद्वारा प्राण प्रतिष्ठान, चन्द्र अमृत नामक स्नान, शाक्यमुनी बुद्धको साधना सोह्र स्थविरको स्तुति एवं पुजन गरिएको विहारका प्रमुख तथा रिन्पोछे ग्यालजोनले जानकारी दिए। विश्व शान्तिको कामना, विश्व प्राणी जगतको कल्याणको कामना सहित छोकी निमा रिन्पोछेबाट सहस्र बुद्धहरुको अभिषेक एव प्रवचन गरेका थिए।

महायानी परम्पराअनुसार भएको पूजामा बौद्ध लामा गुरु, आनी, भिक्षुभिक्षुणी, उपासक उपासिकाहरु, विदेशी पाहुनाहरु, स्वदेशी विशिष्ट व्यक्तिहरुको सहभागिता रहेको थियो।

# न्यू होराइजनमा शैक्षिक कार्यशाला



बुटवल । न्यू होराइजन कलेज ड्राइभरटोलले वि.एस्सी.मा अध्ययनरत विद्यार्थीहरुको निम्ति 'स्टडी डाइनामिक्स' विषयक एक दिने शैक्षिक कार्यशाला गोष्ठि सम्पन्न गरेको छ । विज्ञान तथा प्रविधि अध्ययन संस्थानतर्फका स्नातक तह, बीएस्सीमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गर्दै उक्त कार्यशाला गोष्ठि सम्पन्न गरेको हो।

विद्यार्थीहरुले आफूलाई विश्वबजारमा कसरी विस्तारिकरण एवम् सहजीकरण गर्ने भन्ने मुख्य उद्देश्यले आयोजना गरिएको कार्यशालामा विद्यार्थीले अध्ययन, लक्ष्य र सफलता रणनीति, व्यक्तिगत र राष्ट्रिय समृद्धिमा योगदान योजना, स्वसशक्तिकरणलगायतका विषयहरु सिकेका हुन् । कार्यशालालाई अन्तर्राष्ट्रिय प्रशिक्षक एवम् योग ध्यान तथा न्यूरो साइन्स प्रशिक्षक ऋषि न्यौपानेले सहजीकरण गरेका थिए।

प्रशिक्षार्थी स्वस्तिका ढकाल, यमन भुसाललगायतले अनुभव मन्तव्य राख्दै कार्यशालाले सम्पूर्ण विद्यार्थीलाई स्वसशक्तिकरण सफलता रणनीति, जीवन व्यवस्थापन, लक्ष्य प्राप्ति योजनालगायत गुणस्तरीय जीवन व्यवस्थापनका लागि प्रसस्त गरेको बताए।

होराइजन गौतम बुद्ध स्कुलका प्राचार्य गोपालप्रसाद आचार्य, न्यू होराइजन कलेजका सहायक क्याम्पस प्रमुख इन्द्र भुसाल, उपप्राध्यापक डा. तारानाथ भट्टराईलगायतले कार्यशालामा बोल्दै विद्यार्थीहरुलाई समयानुकूल अत्याधुनिक प्रविधिसँगै गुणस्तरीय एवम् व्यवहारिक शिक्षामा होराइजन सधैं प्रतिबद्ध रहेको बताए। साथै विज्ञान विषयको महत्व र क्षेत्र वर्तमान अवस्थामा अत्यन्तै प्रभावकारी रहेकोले समुज्ज्वल जीवन सुरक्षित भएकोसमेत बताएका थिए।


ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी

कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

रियुस सेनेटरी ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०



सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा

प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com